स[redacted] बैठकले उल्लिखत कार्यसूचीमाथि ब्यापक छलफल गरी सर्वसम्मत रुपमा निम्न निर्णय गरेको छ :

**निर्णय नं १**

बैठकमा केन्द्रीय कार्यालयको तर्फबाट उपाध्यक्ष राजेश राईले नेपाल पत्रकार महासंघको निर्वाचन सम्बन्धी समीक्षा प्रतिवेदन, महासचिव हिरामान लामाले राजनीतिक तथा साँगठानिक प्रतिवेदन र कोषाध्यक्ष इन्द्र आचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । तीन वटै प्रतिवेदनमाथि ब्यापक छलफल गरी सुझावसहित सर्वसम्मत रुपमा पारित गरियो । साथै नेपाल पत्रकार महासंघको निर्वाचनमा बिरोधी संगठनको योजनाअनुसार उम्मेदवार बन्ने, संगठनको निर्णय बिरुद्ध लाग्ने र नेतृत्वलाई सामाजिक सञ्जालमा आपत्तिजनक आक्षेप लगाउनेलगायतका अनुशासनहीन र बिधान बिरोधी काम गरेको अभियोग प्रमाणित भएकोले रुद्र सुवेदी (बाँके), दिनेश थापा (सिन्धुपाल्चोक), मनुका कुँवर (एशोसियट प्रदेश) र अनुप तिवारी (पर्सा) लाई संगठनको साधरण सदस्यसमेत नहरने गरी ५ बर्षका लागि निष्काशन गर्ने निर्णय गरियो । यस्तै बागी उम्मेदवारका प्रस्तावक र समर्थक रहने सदस्यलाई एक बर्षका लागि निलम्बन गर्ने निर्णय गरियो । नेपाल पत्रकार महासंघको निर्वाचनमा घात, अन्तरघात गर्ने सदस्यहरुमाथि उपाध्यक्ष राजेश राईले प्रस्तुत गर्नुभएको प्रतिवेदनमा प्राप्त सुझावका आधारमा सूची तयार पारी निलम्बनदेखि निष्काशनसम्मको कार्वाही गर्ने निर्णय पनि गरियो ।

**निर्णय नं २**

हाम्रो गौरवशाली संगठन प्रेस चौतारी नेपालको १०औं महाधिवेशन २०८१ फागुन २५, २६ र २७ गते कोशी प्रदेशको बिराटनगरमा आयोजना गर्ने निर्णय गरियो । महाधिवेशनको उदघाटन नेकपा एमालेका **अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली**ले गर्नुहुनेछ । महाधिवेशनको बन्द शत्रलाई पार्टी महासचिव क. **शंकर पोखरेल**ले सम्बोधन गर्नुहुनेछ ।

अधिवेशनको सन्दर्भमा निम्न निर्णय गरिएको छ :

**क. मुल ब्यवस्थापन समिति :** महाधिवेशन भब्यरुपमा सम्पन्न गर्न संगठनका अध्यक्ष गणेश बस्नेतको नेतृत्वमा मुल ब्यवस्थापन समिति गठन गरी केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु, केन्द्रीय आयोगका पदाधिकारी र सदस्य, प्रदेश समितिका अध्यक्ष तथा महाधिवेशन आयोजना गरिएको प्रदेश र जिल्ला अध्यक्ष सदस्य रहने गरी तोक्ने निर्णय गरियो । महाधिवेशनको ब्यवस्थापनका लागि संगठनका सचिव तथा कोशी प्रदेश इञ्चार्ज बिक्रम लुईटेलको संयोजकत्वमा ब्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो । ब्यवस्थापन समिति सदस्य केन्द्रीय कार्यालयसँग समन्वय गरी संयोजकले आवश्यकताअनुसार निर्माण गर्न संयोजकलाई निर्देशित गरियो । महाधिवेशनको ब्यवस्थापन गर्ने जिम्मेवारी इञ्चार्ज

बिक्रम लुईटेलको नेतृत्वमा रहने गरी कोशी प्रदेश समिति र जिल्ला समिति मोरङलाई जिम्मेवारी तोकियो ।

**ख. जिल्ला अधिवेशन :** २०८१ माघ २५ गतेभित्र अनिवार्य रुपमा सम्पन्न गर्ने । महाधिवेशन आयोजक प्रदेश कोशीका जिल्लाका हकमा मिति २०८१ माघ १४ गतेभित्र अनिवार्य रुपमा सम्पन्न गरिसक्ने । अधिवेशन गर्दा केन्द्रीय प्रतिनिधिसहित नेतृत्व चयनमा निर्वाचन आयोगको बैधानिक भूमिका अनिवार्य हुने व्यवस्था गरिएको छ । आयोगमा रहेका पदाधिकारी वा सदस्य सोही जिल्लाको निर्वाचनमा सहभागी हुन पाउने छैन । साथै आर्थिक प्रतिवेदनमा लेखा आयोगको रायसहितको अनुमोदन अनिवार्य गर्नुपर्ने छ ।

**ग. महाधिवेशन प्रतिनिधि छनोटको व्यवस्था :** साधारण सदस्य ४० संख्या बराबर एक जना महिला अनिवार्य हुने गरी २ जना कायम रहने व्यवस्था गरियो । सो संख्यापछि कायम हुने थप ४० सदस्य बराबर थप एक जना प्रतिनिधि चयन हुने ।

**घ. सदस्यता शुल्क :** सदस्यता शुल्क बिधानमा तोकिएअनुसार प्रत्येक सदस्यलाई कायम गरिएको बार्षिक ३००।- (अक्षेरुपी तीन सय रुपैयाँ मात्र) रुपैयाँ तोकियो । सो रकमको ५० प्रतिशत केन्द्रीय समिति, २५ प्रतिशत प्रदेश समिति र २५ प्रतिशत जिल्ला समितिमा रहने व्यवस्था बिधानमा रहेको छ । जिल्ला अधिवेशन अगावै सदस्यको शुल्क तीन बर्षको एकमुष्ट हुने ४५०।- (अक्षेरुपी चार सय पचास रुपैयाँ मात्र) केन्द्रीय कार्यालयको खातामा अनिवार्य रुपमा जम्मा गरिसक्नु पर्ने निर्णय गरियो ।

**खाता नम्बर निम्नानुसार रहेको छ :**

**प्रेस चौतारी नेपाल**

**खाता नं : ००१००००७३६६०००११**

**नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, पुतलीसडक शाखा**

**ङ.** केन्द्रीय समितिको पहिलो बैठकबाट निर्णय भएबमोजिम केन्द्रीय समिति, आयोग र प्रदेश अध्यक्षका लागि तोकिएको प्रतिदिन २०।- (अक्षेरुपी बीस रुपैयाँ मात्र) का दरले हुन आउने बार्षिक शुल्क ७३००।- (अक्षेरुपी सात हजार तीन सय रुपैयाँ मात्र) अनुसार तीन बर्षको हुन आउने एकमुष्ट रकम २१९००।- (अक्षेरुपी एक्काइस हजार नौ सय रुपैयाँ मात्र) मिति २०८१ माघ १० गतेभित्र अनिवार्य रुपमा वैंक खातामा जम्मा गर्नुपर्ने निर्णय गरियो ।

**च.** केन्द्रीय कमिटी र आयोगसहित महाधिवेशनका प्रतिनिधिका लागि प्रतिब्यक्ति २०००।- रुपैया (दुई हजार रुपैया मात्र) प्रवेश शुल्क तोकियो । महाधिवेशन प्रतिनिधिका लागि

Gautam

तोकिएको शुल्क तिरेको रसिद अनिवार्य रुपमा बुझाउनु पर्ने अन्यथा महाधिवेशनमा सहभागी हुन नदिने निर्णय गरियो ।

**छ.** संगठनले स्थापना गरेको पुरस्कार कोषलाई पूर्णता दिनका लागि प्रत्येक जिल्ला समितिलाई लेबी तोकेर केन्द्रीय कार्यालयको तर्फबाट पत्र पठाउने निर्णय गरियो । यसैगरी केन्द्रीय समितिको पहिलो बैठकले केन्द्रीय समिति, आयोग र प्रदेश अध्यक्षका लागि तोकेको लेबी आफ्नो साधरण सदस्य रहेको प्रदेशको अधिवेशनअगावै अनिवार्य रुपमा बुझाउनु पर्ने निर्णय गरियो । यस्तै दशौं महाधिवेशनमा उम्मेदवारहरुलाई बिधान नवौं महाधिवेशनमा तोकिएकै शुल्क कायम गर्ने निर्णय गर्दै सोहीअनुसार कार्यविधि बनाउन निर्वाचन आयोगलाई निर्देश गर्ने निर्णय गरियो ।

**ज. प्रदेश अधिवेशन :** २०८१ फागुन ७ गतेभित्र अनिवार्य रुपमा सम्पन्न गर्ने । महाधिवेशन आयोजक प्रदेश कोशीको हकमा मिति २०८१ माघ २५ गतेभित्र अनिवार्य रुपमा सम्पन्न गर्ने ।

**झ.** महाधिवेशनमा प्रस्तुत गर्ने संगठनको तात्कालिन र दीर्घकालिन कार्ययोजना तयारीको प्रस्ताव तयार पार्न उपाध्यक्ष गणेश पाण्डेको संयोजकत्वमा ७ सदस्यीय प्रस्ताव समिति गठन गरियो । समितिमा कोषाध्यक्ष इन्द्र आचार्य, केन्द्रीय कार्यालयसमेत हेर्ने सचिव हरिबल्लभ नेपाल, सचिव लोग्शरी कुँवर, केन्द्रीय सदस्य दीपक रिजाल, इश्वरराज ढकाल र दिपु पोखरेललाई सदस्य तोकियो ।

**ञ.** महाधिवेशनमा प्रस्तुत गरिने समसामयिक प्रस्ताव लेखनका लागि उपाध्यक्ष सविन प्रियाशन चौधरीको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरियो । समितिमा सचिव शुष्मा पौडेल, केन्द्रीय सदस्य टीकाबहादुर बस्नेत, प्रकाशचन्द्र भट्टराई र हेमराज सिलवाललाई सदस्य तोकियो ।

**ट.** स्मारिका प्रकाशनका लागि उपाध्यक्ष राजेश राईको संयोजकत्वमा ७ सदस्यीय स्मारिका प्रकाशन समिति गठन गरियो ।

**ठ.** महाधिवेशनको प्रचार प्रशारका लागि उपाध्यक्ष देविका घर्ती मगरको संयोजकत्वमा ५ सदस्यीय प्रचार प्रशार समिति गठन गरियो । समितिमा केन्द्रीय सदस्य हरिबोल आचार्य, धर्वेन्द्र झा, तारा चापागाई र कालीबहादुर मल्ललाई सदस्य तोकियो ।

**ड.** महाधिवेशनमा प्रस्तुत गर्ने राजनीतिक तथा सांगठानिक प्रतिवेदन लेखनका लागि महासचिव हिरामान लामा संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरियो । समितिमा उपमहासचिव शुरोजंग पाण्डे र राजु सुवेदी, केन्द्रीय कार्यालयसमेत हेर्ने सचिव हरिबल्लभ नेपाल र सचिव लोग्शरी कुंवर सदस्य तोकियो ।

Gautam

Gaudel:

**ढ.** महाधिवेशनमा अभिलेख व्यवस्थापनका लागि उपमहासचिव शुरोजंग पाण्डेको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरियो । समितिमा केन्द्रीय सदस्य नवराज पथिक, पुकार तिमिल्सिना, यसिमा महत, भोजराज बिश्वकर्मालाई सदस्य तोकियो ।

**ण.** महाधिवेशनमा प्रस्तुत गरिने आर्थिक प्रतिवेदन लेखनका लागि कोषाध्यक्ष इन्द्रप्रसाद आचार्यको संयोजकत्वमा ३ सदस्यीय आर्थिक प्रतिवेदन लेखन समिति गठन गरियो । समितिमा केन्द्रीय कार्यालयसमेत हेर्ने सचिव हरिबल्लभ नेपाल र शारदा गैरेलाई तोकियो ।

**त.** महाधिवेशन प्रतिनिधि व्यवस्थापनका लागि केन्द्रीय कार्यालयसमेत हेर्ने सचिव हरिबल्लभ नेपालको संयोजकत्वमा १५ सदस्यीय प्रतिनिधि व्यवस्थापन समिति गठन गरियो । समितिमा केन्द्रीय सदस्यहरु प्रेम गुरागाई, राजेन्द्र श्रेष्ठ, यसिमा महतलाई सदस्य तोकियो ।

**थ.** महाधिवेशनमा प्रस्तुत हुने बिधान संशोधन सम्बन्धी प्रस्ताव लेखनका लागि सचिव प्रदीप आचार्यको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरियो । समितिमा केन्द्रीय सदस्य तथा कानून तथा संसदीय मामिला बिभाग प्रमुख सुमित्रा कोइराला र माधव बराललाई सदस्य तोकियो ।

**द.** महाधिवेशनमा आर्थिक संकलन तथा व्यवस्थापनका लागि सचिव बिष्णु तारुकेको संयोजकत्वमा १९ सदस्यीय आर्थिक व्यवस्थापन समिति गठन गरियो । समितिमा अन्य सदस्यहरु पछि थप गर्ने गरी केन्द्रीय सदस्यहरु नरेश भण्डारी, अच्यूत पौडेल, भूपेन्द्र आचार्य, श्याम बञ्जारा, बिनोद चौलागाई, दिलबहादुर छन्त्याल, राजेन्द्र धामी, सुशिल ढुंगानालाई तोकियो ।

**ध.** अतिथी सत्कार समितिको संयोजकमा सचिव लोग्शरी कुँवरको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गरियो ।

**निर्णय नं ३**

केन्द्रीय समिति आठौ पूर्ण बैठक मिति २०८१ फागुन २४ गते दिउँसो २ बजे महाधिवेशन स्थल बिराटनगरमा बस्ने निर्णय गरियो ।

**निर्णय नं ४**

कार्यसूची ४ माथि ब्यापक छलफल गरी निम्न सदस्यहरुलाई केन्द्रीय समिति सदस्यमा मनोनीत गर्ने निर्णय गरियो ।

१. ईश्वरी काफ्ले, प्रतिष्ठान
२. रामकृष्ण ज्ञवाली, कास्की
३. शान्तराम बिडारी, काठमाडौं
४. खगेन्द्र अधिकारी, ताप्लेजुङ

Gaudel

५. प्रकाश सिलवाल, प्रतिष्ठान

६. डिल्ली आचार्य, ललितपुर

७. गणेश ज्ञवाली, गुल्मी

८. दिलबहादुर छत्याल, कैलाली

९. उर्वसी बस्नेत, प्रतिष्ठान

१०. संगीता आचार्य, चितवन

११. कमला पन्थी, ललितपुर

१२. बशन्ती बाँस्तोला, तनहुँ

१३. श्यामकृष्ण दाहाल, भोजपुर

१४. श्रीधर पौडेल, एशोसियट

१५. लक्ष्मण तिवारी, कञ्चनपुर

१६. कालिका शिवाकोटी, प्रतिष्ठान

१७. सम्झना बन, काठमाडौं

१८. भवानी कार्की, दोलखा

१९. काशी रिजाल, मकवानपुर

२०. शंकर पाण्डे, रुपन्देही

२१. भोजराज विश्वकर्मा, प्रतिष्ठान

२२. मालती केसी, सुर्खेत

२३. तिलक रिमाल, चितवन

२४. सुनीता महतो, महोत्तरी

**५. बिबिध**

**क. पुरस्कार छनोट समिति**

२५. जीवनाथ शिवाकोटी प्रतिष्ठान

२६. सम्झना गौतम, प्रतिष्ठान

२७. सतीदेवी उप्रेती, काठमाडौं

२८. धर्मेन्द्र दाहाल, मकवानपुर

२९. अप्सरा गौतम, काठमाडौं

३०. पार्वता चौधरी, ललितपुर

३१. नरेश शाही, अछाम

३२ सलिम मियाँ अन्सारी, प्यूठान

३३. जिबच्छ चौधरी, सिरहा

३४. रुपेश आचार्य

३६. रमेश ऐडी, हुम्ला

३५. गोपाल काफ्ले, भाषा

३७. अर्जुन क्षेत्री

३८. रामहरि ओभा डोटी

**आयोग लेखा**

१. श्याम घिमिरे अर्घाखाँची

२. समर रोकाया, कालिकोट

३. अनुज अधिकारी, लमजुङ

**अनुशासन आयोग**

४. रामचन्द्र नेपाल, सिन्धुपाल्चोक

५. उज्जल अधिकारी, हेटौडा